पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७।०७८
चलानी नं./Ref. No. :

मिति : २०७७।०५।३०

## पूर्वखोला गाउंपालिकाको सूचना ।

यस पूर्वखोला गाउंपालिकाले स्थानीय नागरिकहरुलाई वर्तमान परिस्थितीमा कोरोना भाइरसवाट टाढा र सजग रहन हर सम्वभ प्रयास गरेको व्यहोरा सवैमा विदितै छ । यसै परिप्रेक्षमा गाउंपालिकाको स्वास्थ्य शाखा मार्फत सचेतना मुलक कार्यकम, व्यानर, पम्पलेट, संचार माध्यम तथा माइकिङ द्वारा आम नागरिकहरुलाई कोरोना भाइरसको वारेमा सचेत गराउने प्रयासहरु भइरहेका छन् । सचेत गराउने प्रयास संगै समय समयमा PCR Test गराउने कार्यले निरन्तरता पाइरहेको छ ।

हालै मात्र मिति २०७७ भदौ २३ र २४ गतेका दिन यसै गाउंपालिका अन्तर्गत ६ वटै वडाहरुको जोखिमयुक्त ठाउंका जनप्रतिनिधी, सम्भावित व्यापारी, स्थानीय व्यक्तिहरु, स्थानीय वैंकका कर्मचारी, गाउं कार्यपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु तथा अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मीहरु गरी जम्मा १८३ जनाको PCR जांचका लागि स्वाब संकलन गरी पठाइएकोमा मिति २०७७ भदौ २९ गतेका दिन १८३ जनाको नेगेटिभ रिपोर्ट आएको व्यहोरा जानकारी गराउंछु ।

यस गाउंपालिकावाट छिमेकी देश भारत लगाएत अन्य तेस्रो मुलुकमा रोजगारीको लागि जानेहरुको संख्या ठूलो रहेको कारण विदेशवाट फर्कनेको संख्या पनि ठूलै रहेको अवस्थालाई ख्याल गर्दै गाउंपालिकावाट अनिवार्य रुपमा क्वारेन्टाइनमा राखेर PCR को नतिजा आए पश्चात मात्र आफ्नो घरमा पठाउने गरेको कारण हाल सम्म कोरोना भाइरस समुदाय स्तर सम्म फैलिन नसकेको हो ।

हाल सम्म यस गाउंपालिकावाट ६६८ जनाको PCR जांच गर्दा क्वारेन्टाइनमा बसेका मध्ये १६४ जनाको पोजेटिभ रिपोर्ट आएकोमा हाल ३ जना विभिन्न अस्पतालमा आइसोलेसनमा राखिएकोमा उहांहरुको स्वास्थ्य अवस्था पनि सामान्य रहेको छ भने अरु निको भएर घर गइसक्नु भएको छ ।

अन्त्यमा,यस विषम परिस्थितीमा आम नागरिकहरु हतास नहुन, कोरोना भाइरस विरुद्ध सजग र सचेत हुन, स्वास्थ्य सम्वन्धि कुनै समस्या आएमा स्वास्थ्यकर्मीको सल्लाह लिन, अनिवार्य रुपमा मास्कको प्रयोग गर्न, आवश्यकता अनुसार सेनेटाइजर वा सावुन पानीको प्रयोग गर्न र स्वास्थ्य मापदण्डलाई ध्यान दिन यस पूर्वखोला गाउं कार्यपालिकाकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

५।३०

बिनोद नेपाल
नि.प्रमख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत